## सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: ३

आ.व:२०८२/०८३

मिति. २०८२ भाद्र १९

समय: दिउँसो १:०० बजे

स्थान: सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल भाद्र १९ गते बिहीबारका दिन सुनापति गाउँपलिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

**उपस्थितिः**

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम बहादुर थापा | सदस्य |
| ५. श्री कुल बहादुर थिङ | सदस्य |
| ६. श्री डण्डुप लामा | सदस्य |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य |
| ८. श्री रिता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

**अन्य उपस्थितिः**

१५. श्री रविन्द्र कुरेल - प्रशासन शाखा

१६.श्री शुक्र वहादुर तितुङ - कार्यालय सहयोगी

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को तेस्रो कार्यपालिका बैठक

१९ भदौ २०८२

नै.स. ११४५ यलाथ्व १२ बिहिबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्लो यस भन्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनको बेरुजु सम्परीक्षण तथा आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको बेरुजु सम्परीक्षण सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा देहायको निर्णय गरियो।<br>१. आर्थिक वर्ष २०८०/०८१ मलेप प्रतिवेदनमा देखिएको बेरुजु सम्परीक्षणको लागि लेखा समितिमार्फत दफावार छलफल गरी सो निर्णय सहित मलेपमा पेश गर्ने।<br>२. आर्थिक वर्ष २०८१/०८२ अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा देखिएको बेरुजु सम्परीक्षणको लागि प्रतिवेदनको बारेमा लेखा समितिबाट दफावार छलफल गरी प्रतिवेदन पेश भए पश्चात असुल गर्नु पर्ने, प्रमाण कागजात पेश नभएको, अनियमित भएको र पेश्की बेरुजु फछर्यौट गर्ने।<br>३. विगतका साथै आर्थिक वर्ष २०८१/०८२ को लेखापरक्षण प्रतिवेदन अनुसार देखिएका बेरुजुहरु फछर्यौट गरी शून्य बेरुजु कायम गर्ने। |
| ३ | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा तपसिलको कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने र कार्यविधि तुरुन्तं कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. सुनापति गाउँपालिकाको रासायनिक मल ढुवानीमा अनुदान कार्यविधि, २०८२। |
| ४ | अपाङ्ग परीचय पत्र अद्यावधिक गर्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकामा रहेका "क", "ख", "ग", र "घ", वर्गका अपाङ्ग परिचय पत्र लिएका लाभग्रहीहरुको अपाङ्ग परीचय पत्र अद्यावधिक गर्ने निर्णय गरियो। |
| ५ | सुनापति गाउँपालिकाको वाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ को संशोधन सहितको नामाकरण परिवर्तन गरी स्वीकृत गर्ने र वालमैत्री पालिका घोषणम सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा सुनापति गाउँपालिकाको वालअधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ लाई संशोधन गरी संशोधन सहितको कार्यविधि स्वीकृत गरी तपसिलको नामाकारण गर्ने र राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।<br>१. सुनापति गाउँपालिकाको वाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्वन्धी एकीकृत कार्यविधि, २०८२।<br>पुनश्चः प्रत्येक वडालाई क्रमशः वालमैत्री घोषणा गर्दै यस आर्थिक वर्ष भित्र सुनापति गाउँपालिकालाई वालमैत्री पालिका घोषणा गर्ने निर्णय गरियो। |

सुरेश कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को तेस्रो कार्यपालिका बैठक

१९ भदौ २०८२
नै.स. ११४५ अलाथ्व १२ बिहिबार

| | | |
|---|---|---|
| ६ | बजार अनुगमन सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति गाउँपालिका आसपासका गाल्पा लुभु बजार सहिति र पालिका क्षेत्रभित्र रहेका बजार तथा व्यवसायहरुको चाडपर्व केन्द्रित बजार अनुगमन गरी नागरिकको उपभोक्ता हित सम्वन्धी संरक्षणको तपसिलको मितिमा दशैं तिहार केन्द्रित बजार अनुगमन गरी सो को प्रतिवेदन जिल्ला प्रशासन कार्यालय रामेछापमा पठाउने निर्णय गरियो।<br>तपसिलः<br>१. २०८२/०६/०४ गते वडा नं. ५ आसपास तथा लुभुवजार क्षेत्र।<br>२. २०८२/०६/०५ गते वडा नं. ३ को सादी डाँडा बजार क्षेत्र।<br>३. २०८२/०६/०६ गते वडा नं. २ तथा गाल्पा बजार क्षेत्र। |
| ७ | योजना र बजेटको लागि पेश गर्ने सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा बागमति प्रदेश सरकार शहरी विकास मन्त्रालयमा तपसिलको योजना र सो योजनाको लागि बजेट माग गर्ने निर्णय गरियो।<br>१. चियाटार, भर्याङ्गटार, च्यादीटार र सिन्दुरेटारको सिंचाई कूलो मर्मत।<br>२. डहु मा.वि.को लागि खानेपानी व्यवस्थापनको लागि "जहुखोरिया जोरधारा डहुस्कुल लिफ्टिङ्ग खानेपानी योजना"। |
| ८ | २१ हप्ते साक्षरता कक्षा संचालनको लागि वडा तथा वस्ती छनौट सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को लागि सामी रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सुनापति गाउँपालिकाको ५ वटा वडाहरुमध्ये वैदेशिक रोजगारमा बहुल्यता रहेको तपसिलको वडा छनौट गर्ने र वडा समितिको निर्णय बमोजिम वस्ती छनौट गरी सिफारिस गरे बमोजिम सोही वस्तीमा समूह गठन गरी २१ हप्ते वित्तीय साक्षरता कक्षा संचालन गर्ने साथै सो वडामा कक्षा संचालनको लागि वडा कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्ने निर्णय गरियो।<br>तपसिलः छनौट भएका वडा<br>१. वडा नं. ४<br>२. वडा नं. ३<br>पुनश्चः तपसिलको ५ वटा माध्यामिक विद्यालयहरुमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. डहु मा.वि. डहु।<br>२. कृष्ण वर्णेश्वर मा.वि. मानपुर।<br>३. वाल मा.वि. भिरकोट। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | ४. कृष्णपुरी मा.वि. रुपाकोट।<br>५. सतलिङ्गेश्वर मा.वि. गुन्सी।<br>साथै सहकारी तर्फ वडा नं.५ को महिला सहकारी र वडा नं. १ को महिला सहकारी र वडा नं. ४ को सहकारी संस्थालाई समेत वित्तीय साक्षरता सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने। ५ वटै वडाका १/१ वटा सामुदायिक संस्थालाई वडाबाट छनौट गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने। |
| ९ | समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा बागमति प्रदेश सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय कृषि विकास निर्देशनालय/पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय हेटौंडा मकवानपुरले समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा सहभागी हुन इच्छुक स्थानीय तहहरुलाई प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना प्रकाशन भएकोमा यस सुनापति गाउँपालिकामा विगत आर्थिक वर्षहरुमा सो कार्यक्रम नपरेको वडाबाट रामेछाप जिल्लाको लागि सिफारिस भएको कृषिजन्य बाली र पशुपंक्षी जन्य वस्तुको लागि प्रस्ताव पेश गर्ने गराउने निर्णय गरियो। यसका लागि तपसिलको वडा छनौट गर्ने र कार्यक्रममा सहभागी हुने निर्णय गरियो।<br>तपसिलः<br>१. कृषि तर्फः वडा नं. २ सुन्तला जात<br>२. पशुपालन तर्फः वडा नं. ४ गाई/भैंसी |
| १० | उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजना कार्यान्वयन सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा वडा तर्फको योजना कार्यान्वयन गर्नको लागि उपभोक्ता समिति गठन गरी योजना सम्झौता गरी कार्यान्वयन गर्ने र अन्य योजनाको कार्यान्वयनको लागि कार्यपालिकाको निर्णय बमोजिम उपभोक्ता समिति गठन गरी क्रमशः स्रोत सुनिश्चित भए बमोजिम कार्यान्वयन गर्दै जाने। |
| ११ | बजेट संशोधन सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा देशको प्रतिकुल अवस्था अनुसार संघीय तथा प्रादेशिक निकायको समन्वयमा आवश्यकता परेमा गाउँसभाको अधिवेशनबाट बजेट संशोधन गर्ने। |
| १२ | स्वास्थ्य कर्मचारी व्यवस्थापन सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा तपशिलका स्वास्थ्य कर्मचारीलाई देहायको स्वास्थ्य चौकीमा खटाउने निर्णय गरियो।<br>तपसिल:<br>१. सुनापति आधारभुत अस्पतालमा कार्यरत सि.अ.हे.व. खडक बस्नेतलाई गुन्सी स्वास्थ्य चौकीमा खटाउने। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | २. गुन्सी स्वास्थ्य चौकीमा कार्यरत हे.अ. मनिशंकर यादवलाई आधारभुत अस्पतालमा कामकाजमा खटाउने।<br>गुन्सी स्वास्थ्य चौकीमा SBA तालिम प्राप्त अ.न.मी. पदपूर्तिको लागि खुला पदपूर्तिको लागि vacancy आह्वान गर्ने। |
| १३ | बाटो सरसफाईको भुक्तानी सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा असार, साउन र भदौको वर्षाको कारण पालिका भित्रका मुख्य सडकमा वढी पहिरोको कारण अवरुद्ध सडकको मर्मत तथा सरसफाई गरेकोमा वडागत रुपमा प्राविधिक लागत अनुमान र प्रविधिक मूल्यांकनको आधारमा सानातिना निर्माण मर्मत सुधार योजनाको शिर्षकवाट भुक्तानी दिने। |
| १४ | अन्य भुक्तानी सम्बन्धमा। | तपसिलको कार्यक्रमको भुक्तानी देहाय बमोजिमको बजेट शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो।<br>तपसिलः<br>१. सुनापति डाँडा आसपासको क्षेत्रमा वृक्षा रोपण कार्यक्रमको भुक्तानीः बोटविरुवा खरिद र सुनापति डाँडा क्षेत्र सहित आधारभुत अस्पताल वृक्षारोपण शिर्षकवाट भुक्तानी दिने।<br>२. सुनापति गाउँपालिका आयोजना र नेपाल पर्यटन बोर्डको समन्वयमा सुनापति गाउँपालिकाको पर्यटन विकासको लागि आयोजित अन्तरक्रिया कार्यक्रमको भुक्तानी तोकिएको शिर्षकवाट गर्ने।<br>३. सुनापति गाउँपालिकाको साँस्कृति पहिचान र सम्वर्धनको लागि तथा सुनापतिको पर्यटन विकासको लागि साङ्गितिक रुपमा प्रचार प्रसार गर्ने उद्धेश्यले डम्फु सेलो कार्यक्रममा सहभागि भएको खर्च भुक्तानीः स्थानीय कला सँस्कृति धर्म सम्वन्धी दिवस तथा विपन्न स्वास्थ्य उपचार र संघ संस्था सहायता कोषबाट भुक्तानी गर्ने।<br>४. पालिका मौरीपालन कार्यक्रम अन्तर्गत मौरी घार खरिद तथा व्यवस्थापन खर्च भुक्तानीः पालिका मौरी पालन कार्यक्रममा विनियोजन भएको बजेटवाट भुक्तानी गर्ने।<br>५. सुनापति गाउँपालिकाको पर्यटन विकासको लागि अन्तरक्रिया कार्यक्रम मितिः २०८२ साउन ४ गते सञ्चालन गरिएकोमा सो कार्यक्रमको प्रत्यक्ष प्रशारण गरे वापतको रकम सम्झौता बमोजिम भ्याट सहित रु. १ (एक) लाख टाइम्स ब्रोडकास्टिङ्ग नेटवर्क्स प्रा.लि. लाई भुक्तानी दिने। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को तेस्रो कार्यपालिका बैठक

१९ भदौ २०८२

ने.स. ११४५ त्रलाथ्व १२ बिहिबार

| | | |
|---|---|---|
| | | ६. होन्दल पहिरो नियन्त्रण दायित्व भुक्तानी उक्त शिर्षकबाट भुक्तानी दिने।<br>७. वडा नं. ५ को सडक सरसफाई दायित्व भुक्तानी गर्ने।<br>८. प्रहरी चौकी बेथान व्यवस्थापनको दायित्व रकम रु. १,५०,०००/- अक्षरुपी एक लाख पचास हजार मात्र भुक्तानी गर्ने।<br>९. सुनापति गाउँपालिकाको पर्यटन सम्वन्धी श्रव्य दृश्य सामाग्री निर्माण कार्यक्रम अन्तर्गत निर्मित श्रव्य दृश्य सामाग्री प्रशारणको लागि स्वीकृत गरी सो बापतको रकम सम्झौता बमोजिम भुक्तानी दिने। |
| १५ | नेपालथोक रोशी खोलामा ह्युम पाइप राख्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापतिबाट काठमाण्डौं आवत जावतको लागि छोटो तथा छिटो बनाउन नेपालथोक स्थित रोशी खोलामा आवश्यक आकारको थप ४ वटा ह्युम पाइप राख्ने। |
| १६ | विद्युतीय बोलपत्र सम्वन्धमा। | यस चालु आर्थिक वर्षको स्वीकृत वजेट तथा कार्यक्रममा विनियोजित बजेटबाट खरिद गर्ने तपसिलको कार्यालयको लागि आवश्यक मसलन्द र अन्य सामाग्री तथा औषधिजन्य सामाग्री खरिदको लागि खुला विद्युतिय बोलपत्र आह्वान गरी खरिद गर्ने र मसलन्द सामाग्री तथा औषधि आपूर्ति गर्ने निर्णय गरियो। |
| १७ | परामर्श सेवा लिने सम्वन्धमा। | यस चालु आर्थिक वर्षमा तपसिलको योजनाको सम्भाव्यता अध्ययनको लागि यस कार्यालयमा दक्ष जनशक्तिको अभावका साथै उपलब्ध जनशक्तिमा सोही बमोजिमको सिप तथा दक्षताको अभाव भएकोले सेवा परामर्श लिने निर्णय गरियो।<br>तपसिल:<br>१. सुनापति डाँडादेखि पिकनिक पार्क डाँडासम्म जिपलाईन निर्माण योजना।<br>२. मध्येपहाडी लोकमार्ग अन्तर्गत डोजरडाँडादेखि खानीखोला चौरीखोला सम्म प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी। |
| १८ | हाम्रो सुनापित नामक रेडियो कार्यक्रम सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा हाम्रो सुनापति नामक रेडियो कार्यक्रमको लागि सम्झौता बमोजिमको वजेट सुनापति गाउँपालिकाको आगामी गाउँसभाको अधिवेशनबाट रकमान्तर गरी विनियोजन गर्ने गरी कार्यक्रम उत्पादन र प्रशारणको लागि सम्झौता गर्ने निर्णय गरियो। |
| १९ | संविधान दिवस मनाउने सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा संविधान दिवस २०८२ असोज ३ गते नेपाल सरकारको निर्देशन बमोजिम गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा दिप प्रज्वलन, सरसफाई गरी मनाउने निर्णय गरियो। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को तेस्रो कार्यपालिका बैठक

१९ भदौ २०८२
ने.स. ११४५ ञलाथ्व १२ बिहिबार

| | | |
|---|---|---|
| २० | तलवी अध्ययन विदा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा खनियापानी स्वास्थ्य चौकिमा कार्यरत हे.अ. सलिना पौडेललाई तलवी अध्ययनको लागि पूर्व स्वीकृति दिने। साथै एक आर्थिक वर्षमा ज्येष्ठताको आधारमा एक जनालाई मात्र अध्ययन विदा दिने। |
| २१ | कित्तागत विवरण खडा गर्ने सम्बन्धमा। | सुनापति गाउँपालिकाको वडागत कित्ता विवरणलाई व्यवस्थित बनाउनको लागि नापी विभागमा विवरण माग गरी नापी विभाग तथा जिल्ला नापी कार्यालयको समेत प्राविधिक कर्मचारी सहितको उपस्थितिमा जग्गा वर्गिकरणको कार्यसम्मपन्न गर्ने। |
| २२ | मौलापुजा खर्च प्रदान गर्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस पालिकाभित्र रहेका तपसिलका प्रहरी चौकी तथा विटहरुलाई देहाय बमोजिमको रकम आर्थिक सहायता शिर्षकको बजेटवाट मौलापुजा खर्चको रुपमा प्रदान गर्ने।<br>तपसिल:<br>१. वेथान इलाका प्रहरी कार्यालय रु.२० हजार।<br>२. अस्थायी प्रहरी पोष्ट गाल्पा रु.१५ लाख।<br>३. अस्थायी प्रहरी विट पर्यौवोट वेथान रु. १५ हजार<br>४. लुभुघाट प्रहरी चौकी रु. १५ हजार।<br>५. गुन्सी प्रहरी चौकी रु. १५ हजार |
| २३ | जनशक्ति थप गराउने सम्बन्धमा। | यस गाउँपालिकामा रहेको स्थायी इलाका प्रहरी कार्यालय वेथानमा थप जनशक्ति व्यवस्थापनको लागि जिल्ला प्रहरी कार्यालय रामेछापमा अनुरोध गर्ने। साथै स्थायी इलाका प्रहरी कार्यालय वेथानको सट्टा स्थायी इलाका प्रहरी कार्यालय हिलेदेवी कायम गरिदिन अनुरोध गर्ने। |
| २४ | खरको छानो विस्थापन कार्यक्रमको लागि लाभग्राही सूचिकरण गर्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति गाउँपालिकामा खरको छानोमुक्त वनाउनको लागि वडागत रुपमा तपसिल अनुसारको लाभग्राही सचिकरण गर्ने निर्णय गरियो।<br>वडा नं. ४<br>१. ज्ञान कुमार कोइराला<br>२. हस्त वहादुर श्रेष्ठ<br>३. पेमा ढोल्मा तामाङ<br>४. माइलो तामाङ<br>५. राजु खड्का<br>६. लिला वहादुर खड्का<br>वडा नं. ५ |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner